# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगंगा, कपिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल

फोन नं: . ०७६५५०३८३-
फ्याक्स नं:. ०७६५५००१४-

पत्र संख्या:. २०८१/०८२
चलानी नं:.

अनुसूची – ३२
(दफा ८ उपदफा (२) सँग सम्बन्धित)
**प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१०/२९**

आ.ब. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार (प्रदेश पूर्वाधार तर्फ सशर्त अनुदान) अर्न्तगत दुग्ध सँकलन केन्द्र स्थापना/ सुधार (वडा नं. ०५) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८१/११/१४ गते सम्म) यस कार्यालयमा तपशीलको कागजात सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निबेदनको ढाँचा ब्यवसायिक योजना सँलग्न गर्नुपर्ने कागजात सँचालन कार्यबिधि यस कार्यालयको बेवसाइड www.bangangamun.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागी कार्यालयमा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समाबेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशील

| क्र.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आबेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | दुग्ध सँकलन केन्द्र स्थापना/ सुधार | ❖ दुग्ध संकलन केन्द्र स्थापनाको लागी संरचना निर्माण<br>❖ चिलिङ. भ्याट, Stainless steel, मिल्क क्यान, मिल्क एनालाईजर , डिप फ्रिज, प्रशोधन उपकरण, जेनेरेटर आदि खरीद | ❖ प्रस्तावकले दैनिक रुपमा तराईमा कम्तीमा १००० लिटर दुधको कारोबार गरी रहेको हुनुपर्ने ।<br>❖ यस भन्दा अघि यस्ता दुग्ध संकलन केन्द्र सँग सम्बन्धित क्रियाकलापमा अनुदान नपाएकालाई कार्यक्रममा प्राथमिकता दिने । | ❖ बाणगंगा न.पा. वडा नं. ०५ , कपिलबस्तु | ❖ साझेदारीमा दुग्ध सहकारी/समुह/समित/निजी उधमी सहभागी हुन सक्ने | ❖ निजीको हकमा कुल लागतको अधिकतम ५० र सामुदायिकको हकमा अधिकतम ७५ प्रतिशत |

संलग्न गर्नु पर्ने कागजातहरु

१. प्रस्तावकको निबेदन । (अनुसूची बमोजिम)
२. दर्ता / नविकरण भएको प्रमाण – पत्रको प्रतिलिपी (समुह / निजी फर्म / कम्पनी / सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण – पत्र तथा तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण – पत्रको प्रतिलिपी ।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण – पत्रको प्रतिलिपी (छनौट भएमा सम्झौता पूर्ब पेश गर्नु पर्ने) ।
५. कार्यक्रम संचालनको लागी ब्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण – पत्रको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० बर्ष वा तोकिएको अवधीको करार पत्र ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

नोट : कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयको सूचनाको ढाँचा तथा अवधी थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ साथै कार्यक्रमको प्रकृति अनुसार कागजातको बिबरण थपघट गर्न सकिने छ ।